# बीमकको पुनर्बीमा निर्देशिका, २०७८

*बीमा समितिबाट स्वीकृत मितिः २०७८।५।२९*

*प्रथम संशोधन मितिः २०७८।०८।१६*

**प्रस्तावनाः** पुनर्बीमा व्यवसाय सम्बन्धी व्यवस्थाको तर्जुमा गरी जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरुले गर्ने पुनर्बीमा व्यवसायलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, बीमा ऐन, २०४९ को दफा ८ (घ२) ले दिएको अधिकार प्रयोग गरी बीमा समितिद्वारा देहाय बमोजिमको निर्देशिका जारी गरिएको छ।

परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस निर्देशिकाको नाम "**पुनर्बीमा निर्देशिका, २०७८**" रहेको छ।

(२) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) **"ऐन"** भन्नाले बीमा ऐन, २०४९ सम्झनु पर्छ।

(ख) **"ऐच्छिक (फ्याकल्टेटिभ) पुनर्बीमा"** भन्नाले बीमकले धारण गर्ने प्रत्येक बीमालेख वा जोखिममा पुनर्बीमकको स्वीकृति बमोजिम त्यस्तो बीमालेख वा जोखिम सम्बन्धमा गरिने पुनर्बीमा सम्झनु पर्छ।

(ग) **"कभर नोट"** भन्नाले पुनर्बीमा करारको शर्त तथा व्यवस्थाहरू उल्लेख भएको, पुनर्बीमकद्वारा पुनर्बीमा व्यवसाय गर्दा वा पुनर्बीमक वा अधिकार प्राप्त पुनर्बीमा दलालद्वारा जारी भएको लिखित दस्तावेज सम्झनु पर्छ।

(घ) **"खुद धारण"** भन्नाले बीमकले ग्रहण गरेको कुनै एक बीमा जोखिममध्ये त्यस्तो जोखिम वा एक घटनामा उत्पन्न हुने दायित्व अन्तर्गत आफूले व्यहोर्ने भनी पुनर्बीमा करारमा निर्धारित जोखिमको अंश वा प्रतिघटना उत्पन्न हुने दायित्वको अंश बरावरको अधिकतम रकम सम्झनु पर्छ।

(ङ) **"नियमावली"** भन्नाले बीमा नियमावली, २०४९ सम्झनु पर्छ।

(च) **''पुनर्बीमक''** भन्नाले बीमकले धारण गर्ने जोखिमको अंशभन्दा बढी अंशको पुनः बीमा गर्ने बीमक सम्झनु पर्छ।

(ज) **"पुनर्बीमा सम्झौता"** भन्नाले बीमक तथा पुनर्बीमक बीच निश्चित शर्तहरू तोकी निश्चित अवधिको लागि सुरूमा नै तय गरिएको सीमाभित्रको पुनर्बीमा सम्झौता वा ट्रिटी सम्झनु पर्छ।

(झ) **"पुनर्बीमा दलाल"** भन्नाले जोखिमको पुनर्बीमा व्यवस्था गर्ने वा मिलान गर्ने बीमक वा पुनर्बीमक र पुनर्बीमक बीचको कार्य गर्ने मध्यस्थकर्ता सम्झनु पर्छ।

(ञ) **"पुनर्बीमा स्लीप"** भन्नाले पुनर्बीमाको लागि प्रस्तावित जोखिम एवं शर्त तथा व्यवस्थाहरूको संक्षिप्त विवरण उल्लेख भएको र सो पुनर्बीमकलाई मान्य भई सोमा आ-आफ्नो हिस्साको प्रतिशत खुलाई हस्ताक्षर गरिएको दस्तावेज सम्झनु पर्छ।

(ट) **''बीमक''** भन्नाले ऐन बमोजिम बीमक दर्ता प्रमाणपत्र प्राप्त जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने सँगठित संस्था सम्झनु पर्छ।

(ठ) **''बीमित''** भन्नाले आफूले धारण गरेको सम्पत्ति वा दायित्वको बीमा गराउने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ड) **"सामूहिक बीमाकोष वा बीमा पुल"** भन्नाले खास खास प्रकृतिको जोखिम वा बीमा सम्बन्धमा बीमकहरू मिली एउटै बीमालेख जारी गर्ने, एक स्थानमा बीमाशुल्क जम्मा गर्ने, पुनर्बीमा व्यवस्था गर्ने र दावी भुक्तानी व्यवस्था गर्न स्थापना भएको कुनै नामको सामूहिक बीमा कोष वा बीमा पुल सम्झनु पर्छ।

(ढ) **"महाविपत्ति पुनर्बीमा"** भन्नाले कुनै एकल घटनाबाट सिर्जित भई व्यापक रूपमा असर पार्ने विनासकारी क्षति जस्तैः महामारी, भूकम्प, सुनामी, आधी, हावाहुरी जस्ता प्राकृतिक प्रकोपबाट हुर्ने क्षतिको रक्षावरणका लागि गरिने पुनर्बीमा सम्झनु पर्छ।

(ण) **''समिति''** भन्नाले बीमा ऐन, २०४९ को दफा ३ बमोजिम गठित बीमा समिति सम्झनु पर्छ।

(त) **"रेट्रोसेशन"** भन्नाले बीमकले ग्रहण गरेको जोखिममा त्यस्तो पुनर्बीमकले आफ्नो खुद धारण राखी बाँकी अंशको अन्य पुनर्बीमकसँग गरेको पुनर्बीमा प्रक्रियालाई सम्झनु पर्छ।

परिच्छेद -२

## पुनर्बीमा सम्बन्धी व्यवस्था

**३. जोखिम धारण गर्नुपर्ने**- (१) बीमकले आफूले धारण गर्ने जोखिम धारण गरी बांकी रहेको वा आफूले धारण गर्न नसक्ने अंशको पुनर्बीमा गराउनु पर्नेछ।

(२) बीमकले जारी गर्ने प्रत्येक बीमालेखमा पर्याप्त मात्रामा पुनर्बीमाको व्यवस्था नगरी बीमालेख जारी गर्नु हुँदैन।

(३) बीमकले जारी गर्ने प्रत्येक बीमालेखले रक्षावरण गरेको जोखिमको आफूले धारण नगरी शतप्रतिशत पुनर्बीमा गराउनु हुँदैन।

(४) बीमकले पुनर्बीमा व्यवस्था गर्दा आफूले पूरै स्वीकार गर्ने जोखिम बाहेकको बीमालेखले रक्षावरण गर्ने कुनै पनि जोखिम नछुट्ने गरी पुनर्बीमा व्यवस्था गर्नु पर्नेछ।

(५) पुनर्बीमकले आफूले धारण गर्ने जोखिम धारण गरी बांकी रहेको वा आफूले धारण गर्न नसक्ने अंशको रेट्रोसेसन गराउनु पर्नेछ।

४. **पुनर्बीमा व्यवस्थाः-** बीमकले पुनर्बीमा सम्बन्धी व्यवस्था गर्दा देहाय बमोजिम हुने गरी गर्नुपर्नेछः

(क) उचित तथा पर्याप्त पुनर्बीमा
(ख) जोखिमको विविधीकरण
(ग) प्राविधिक तथा वित्तीय क्षमताको पर्याप्त मात्रामा विश्लेषण
(घ) बीमतको हकहितको संरक्षणको लागि गुणस्तरीय व्यवस्था

५. **बीमकले व्यवस्था गर्नु पर्ने-** (१) बीमकले आफ्नो नेटवर्थको आधारमा बीमाको प्रकार (पोर्टफोलियो) अनुसार पुनर्बीमा व्यवस्था गर्नु पर्नेछ।

(२) बीमकले जारी गरेको बीमालेख अन्तर्गत प्रतिबीमालेख/प्रतिजोखिममा बीमकको धारण नेपाल भित्र रहेको आफ्नो नेट वर्थको अधिकतम धारण जीवन बीमकको हकमा शुन्य दशमलव तीन (०.३) प्रतिशत र निर्जीवन बीमकको हकमा पाँच (५) प्रतिशत भन्दा बढी हुनु हुंदैन।

(३) जीवन बीमकको हकमा प्रति बीमालेख बढीमा पच्चीस लाख (२५,००,०००) रूपैंया सम्म धारण गर्न सकिनेछ।

**द्रष्टव्यः** बीमकले आफ्नो धारण निर्धारण गर्दा जोखिमको प्रकृति अनुसार आफ्नो खुद धारण न्यून (Down Grading) गर्नु उपयुक्त हुनेछ।

६. **पुनर्बीमा नीति तयार गर्नुपर्नेः-** (१) बीमकले नेटवर्थ, पुनर्बीमा जोखिमांकन, जोखिम खुद धारण क्षमता तथा समग्र वित्तीय क्षमता बमोजिम उपयुक्त पुनर्बीमा नीति तयार गरी लागू गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको नीति तयार गर्दा कम्तीमा देहाय बमोजिमका बिषयहरू समावेश गरिएको हुनुपर्नेछः

(क) पुनर्बीमाको प्रकार
(ख) पुनर्बीमक अगुवा (लिडर) छनौटको आधार र अगुवाले धारण गर्ने अधिकतम अंश
(ग) पुनर्बीमा दलाल छनौटको आधार
(घ) प्रत्येक पुनर्बीमा सम्झौता अन्तर्गत बीमकको खुद धारण
(ङ) प्रत्येक पुनर्बीमा अन्तर्गत अधिकतम पुनर्बीमा रक्षावरण
(च) बीमकको नेट वर्थ
(छ) पुनर्बीमकको रेटिङ
(ज) बीमकको महाविपत्ति सम्बन्धी व्यवस्था
(झ) पुनर्बीमा व्यवस्था अनुगमनको लागि अपनाउने आन्तरिक नियन्त्रण प्रणाली
(ञ) अन्य आवश्यक बिषयहरू

७. **पुनर्बीमा नीति लागू गर्नु पर्ने:**(१) बीमकले प्रत्येक आर्थिक वर्षको लागि दफा ६ को उपदफा (२) बमोजिमका व्यवस्थाहरू समावेश गरी पुनर्बीमा नीति तयार गरी प्रत्येक आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तीमा तीस (३०) दिन अगावै सञ्चालक समितिबाट पारीत गरी लागू गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार पारिएको पुनर्बीमा नीतिमा आर्थिक वर्षको मध्यावधिमा छुट्टै व्यवस्था अनुसार पुनर्बीमा सम्झौता गर्नुपर्ने भएमा सोको जानकारी समितिमा दिनु पर्नेछ।

(३) नेपाल भित्र प्रधान कार्यालय नरहेको बीमकको हकमा नेपालस्थित कार्यालयले यस दफा अनुरूप पुनर्बीमा नीति तयार गरी बीमकको सँस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ को दफा ४ बमोजिमको व्यवस्थापन समूहबाट पारित गरी लागू गर्नु पर्नेछ।

(४) बीमकले प्रत्येक आर्थिक वर्षको लागि गरिएको पुनर्बीमा सम्झौता (पुनर्बीमा ट्रिटी) को सुरक्षण पत्र (साइन स्लिप वा कभर नोट) को प्रमाणित प्रति सम्झौता क्रियाशील भएको (४५) दिन भित्र समितिमा पेश गर्नु पर्नेछ।

तर फ्याक्लटेटिभ पुनर्बीमाको हकमा यो व्यवस्था लागू हुने छैन।

(५) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बीमकको जोखिमाङ्कन नीतिमा परिमार्जन गर्नु परेमा, बीमकको वित्त अवस्था प्रतिकुल हुँदै गएमा, पुनर्बीमकको स्तर घटेमा वा अन्य आवश्यक अवस्था देखिएमा बीमकको आफ्नो पुनर्बीमा व्यवस्था तत्काल पुनरावलोकन गरी आवश्यकता अनुरूप परिमार्जन गर्नु पर्नेछ।

८. **पुनर्बीमाको प्रकार-** बीमकले गर्ने पुनर्बीमाको प्रकार देहाय बमोजिमको हुन सक्नेछः

क. टिट्री पुनर्बीमाः

ख. ऐच्छिक पुनर्बीमा (फ्याकल्टेटिभ पनुर्बीमा)

९. **पुनर्बीमा विविधिकरण गर्नुपर्ने:** (१) बीमकले पुनर्बीमा गराउँदा पर्याप्त जोखिम विविधकरण हुने गरी पुनर्बीमा विविधिकरणको व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पुनर्बीमाको विविधिकरणको लागि मुख्य (लिडर) पुनर्बीमकलाई कूल पुनर्बीमाको बढीमा चालिस प्रतिशत सम्म र अन्य सहभागी पुनर्बीमकको हकमा प्रत्येक पुनर्बीमकलाई बढीमा बीस प्रतिशत सम्म पुनर्बीमा दिनु पर्नेछ।

तर, सहभागी पुनर्बीमक कम्तीमा दफा ११ को उपदफा (२) बमोजिमको रेटिङ्ग कायम भएको पुनर्बीमक रहेछ भने उक्त पुनर्बीमक सङ्ग मुख्य बीमक सरह नै पुनर्बीमा व्यवस्था गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम पुनर्बीमा विविधिकरण गर्दा निर्जीवन बीमकको हकमा बिभिन्न पोर्टफोलियोको अधिकतम साठ्ठी प्रतिशत भन्दा बढी हुने गरी एउटै पुनर्बीमक मार्फत पुनर्बीमा गराउनु हुदैन।

(४) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि बीमकले महाविपत्ति पुनर्बीमा र फ्याकल्टेटिभ पुनर्बीमाको हकमा एउटै पुनर्बीमकसँग पुनर्बीमा गराउन सक्नेछ।

(५) यस निर्देशिकामा जुनसुकै कुरा उल्लेख भएको भए तापनि निर्जीवन बीमकले अर्को निर्जीवन बीमकसङ्ग आवश्यकता अनुसार फ्याकल्टेटिभ पुनर्बीमा गर्न सक्नेछ।

(६) बीमकले फ्याकल्टेटिभ पुनर्बीमा गर्दा पुनर्बीमकबाट स्वीकृति (कन्फर्मेसन) प्राप्त नभए सम्म पुनर्बीमा गर्न र बीमालेख जारी गर्नु हुँदैन।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वदेशी पुनर्बीमा कम्पनीको हकमा पुनर्बीमा दिने सीमा लागू हुने छैन।

परिच्छेद-३

## **महाविपत्ति पुनर्बीमा सम्बन्धी व्यवस्था**

१०. **महाविपत्ति पुनर्बीमा गर्नुपर्नेः**-(१) बीमकले आफूले जारी गर्ने प्रत्येक बीमालेख अन्तर्गत जोखिमको पर्याप्त मात्रामा महाविपत्ति पुनर्बीमा सम्बन्धी व्यवस्था गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको महाविपत्ति पुनर्बीमा गराउँदा त्यस्तो पुनर्बीमा व्यवस्था अन्तर्गत बीमकको खुद धारण पुनर्बीमा सम्झौताको हकमा जीवन बीमकको लागि रू. ५ (पाँच) करोड सम्म तथा निर्जीवन बीमकको लागि बढीमा नेट वर्थको १० (दश) प्रतिशत सम्म धारण हुने गरी गर्नु पर्नेछ।

(३) बीमकले जारी गरेको बीमालेख अन्तर्गत सबै भन्दा बढी संख्यामा बीमाको विषयबस्तु रहेको एउटा भौगोलिक क्षेत्र भित्र पर्ने बीमाको विषयबस्तुमा बीमकले धारण गरेको खुद दायित्वको योगफल तथा सम्भावित अधिकतम नोक्सानी (प्रोबेबल म्याक्सिमम लस) को लागि उपयुक्त र पर्याप्त हुने गरी महाविपत्ति पुनर्बीमा गराउनु पर्नेछ।

**स्पष्टीकरणः** भौगोलिक क्षेत्र भन्नाले बीमकले आफ्नो पुनर्बीमा नीति अनुसार हुन सक्ने महाविपत्तीको जोखिमलाई सामना गर्न विभाजन गरेको अलग अलग भौगोलिक क्षेत्र सम्झनु पर्छ ।

## परिच्छेद -४

## पुनर्बीमकको रेटिङ सम्बन्धी व्यवस्था

**११.पुनर्बीमक छनौट गर्नेः-** (१) बीमकले पुनर्बीमक छनौट गर्दा ऐन बमोजिम समितिबाट इजाजतपत्र प्राप्त गरेको पुनर्बीमक वा आफ्नो देशको बीमा नियमनकारी निकायबाट कानून बमोजिम इजाजतपत्र प्राप्त गरेको पुनर्बीमकसँग पुनर्बीमा गराउनु पर्नेछ ।

(२) यस निर्देशिका बमोजिम कुनै पनि किसिम वा प्रकारको पुनर्बीमा गर्दा कम्तीमा देहाय बमोजिमको रेटिङ्ग कायम भएको पुनर्बीमा कम्पनीसङ्ग पुनर्बीमा गर्नु पर्नेछः

| | AM Best Rating | S&P Rating | Moody's Rating | Fitch Rating |
|---|---|---|---|---|
| लिडरको रेटिङ | A- | A- | A3 | A- |
| फलोअरको रेटिङ | $B^{++}$ | BBB | Baa | BBB |

(३) विदेशी बीमकले आफ्नो प्रधान कार्यालयसँग पुनर्बीमा कारोबार गर्न पाउने छैन ।

(४) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि नेपाली पुनर्बीमकको हकमा रेटिङ्ग सम्बन्धी व्यवस्था लागू हुने छैन ।

## परिच्छेद ६

## पुनर्बीमा दलाल सम्बन्धी व्यवस्था

**१२. पुनर्बीमा दलालः-**(१) बीमकले पुनर्बीमा व्यवसाय गर्दा आफै वा पुनर्बीमा दलाल मार्फत पुनर्बीमा गर्न सक्नेछ ।

(२) बीमकले पुनर्बीमा दलाल छनौट गर्दा ऐन बमोजिम समितिबाट इजाजतपत्र प्राप्त गरेको पुनर्बीमा दलाल वा आफ्नो देशको बीमा नियमनकारी निकायबाट कानून बमोजिम इजाजतपत्र प्राप्त गरेको विदेशी पुनर्बीमा दलाल मार्फत पुनर्बीमा गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पुनर्बीमा दलाल मार्फत पुनर्बीमा गराउंदा त्यस्तो दलालको पूँजी, ख्याती, क्षमता र अनुभवलाई समेत मध्यनजर राखी पुनर्बीमा दलाल छनौट गर्नु पर्नेछ ।

(४) बीमकले आफूले छनौट गरेको पुनर्बीमा दलालको पर्याप्त मात्रामा पेशागत दायित्वको बीमा गरी सोको अद्यावधिक प्रमाणपत्रको प्रतिलिपि लिनु पर्नेछ ।

**१३.रोष्टर कायम गरिने:** (१) बीमकले समितिबाट कायम गरिएको रोष्टरमा उल्लेख भएको पुनर्बीमक तथा पुनर्बीमा दलालसँग मात्र पुनर्बीमा व्यवसाय गर्न पाउने छ।

(२) बीमकले पुनर्बीमा गर्दा पुनर्बीमा सम्झौतामा संलग्न हुने पुनर्बीमक तथा पुनर्बीमा दलालको **अनुसूची-१** बमोजिमको ढाँचामा विवरण तयार पारी सम्झौता भएको बढीमा तीस दिन भित्र समिति समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त विवरण अनुसार समितिले पुनर्बीमक तथा पुनर्बीमा दलालको नाम रोष्टरमा समावेश गर्नेछ।

(४) रोष्टरमा समावेश नभएको पुनर्बीमक वा पुनर्बीमा दलालको लागि समितिबाट विदेशी मुद्रा सटही सिफारिसको सुविधा उपलब्ध गराइने छैन।

परिच्छेद-७

## बिबिध

**१४.यकिन गर्नुपर्ने:** बीमकले ट्रिटी, फ्याकल्टेटिभ, स्थानीय फ्याकल्टेटिभ, बीमा पुल लगायत सवै प्रकारका पुनर्बीमा सम्झौता अनुरूप कार्य भए नभएको यकिन गर्नु पर्नेछ।

**१५.पुनर्बीमा लेखापरीक्षण:** (१) बीमकले आफ्नो आन्तरिक लेखापरीक्षण गर्दा पुनर्बीमा सम्बन्धी लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षण गराँउदा ट्रिटी, फ्याकल्टेटिभ, स्थानीय फ्याकल्टेटिभ, बीमा पुल लगायत सवै प्रकारका पुनर्बीमा सम्झौता सम्बन्धी बिषयहरू आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।

**१६.सामूहिक बीमाकोष (बीमा पुल) सम्बन्धी व्यवस्था:** (१) बीमकहरूले बीमा वा पुनर्बीमा व्यवसायको कुनै खास जोखिम वा पोर्टफोलियो सम्बन्धी सामूहिक बीमाकोष खडा गर्न आवश्यक ठानेमा समितिमा निवेदन दिन सक्नेछन्।

(२) समितिले उपदफा (१) बमोजिमको निवेदन उपर आवश्यक अध्ययन गरी सामूहिक बीमाकोष खडा गर्न उपयुक्त देखेमा स्वदेशी पुनर्बीमा पुलको गठनका लागि स्वीकृति दिन सक्नेछ।

तर, समितिले आवश्यक ठानेमा आफैंले कुनै जोखिमसङ्ग सम्बन्धित सामूहिक बीमाकोष स्थापना गर्न वा गराउन सक्नेछ।

(३) सामूहिक बीमाकोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ब्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिम गठन गरिएको सामूहिक बीमाकोषको नियमन, अनुगमन तथा सुपरीवेक्षण समितिले गर्नेछ।

(५) सामूहिक बीमाकोष सम्बन्धी अन्य व्यवस्था समितिले तोके बमोजिम हुनेछ।

**१७.जनशक्ति विकास:** बीमकले आफ्नो पुनर्बीमा शाखामा दक्ष जनशक्तिको विकास गरी परिचालन गर्नुपर्नेछ।

**१८.तथ्याङ्क सम्बन्धी व्यवस्था:-** बीमकले पुनर्बीमा व्यवसाय सम्बन्धमा समितिले तोके बमोजिमको ढाँचामा प्रत्येक महिना समाप्त भएको मितिले सात (७) दिन भित्र समितिमा तथ्याङ्क पेश गर्नु पर्नेछ।

**१९.पुनरावलोकन तथा परिमार्जन गर्नुपर्नेः** यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमकको वित्तीय अवस्था प्रतिकूल भएमा, पुनर्बीमकको स्तर घटेमा वा अन्य विशेष अवस्था आइपरेमा बीमकले आफ्नो पुनर्बीमा व्यवस्था तत्काल पुनरावलोकन वा परिमार्जन गरी समितिमा जानकारी गराउनु पर्नेछ।

**२०.निर्देशन दिन सक्नेः** (१) बीमकले तयार पारेको पुनर्बीमा नीति तथा समिति समक्ष पेश गरेका पुनर्बीमा ट्रिटी, कभर नोट स्लीप लगायतका कागजात तथा तिनमा भएका व्यवस्था उपर समितिले संशोधन वा परिमार्ज गर्न वा रद्द गर्न निर्देशन दिन सक्नेछ।

(२) बीमकको पुनर्बीमा व्यवसाय सम्बन्धमा समितिले आवश्यक निर्देशन दिन सक्नेछ।

**२१.अभिलेख सुरक्षित राख्नु पर्नेः** पुनर्बीमा सम्बन्धी तथा यो निर्देशिकाको कार्यान्वयनका लागि बीमकले तयार पारेको, संकलन गरेको वा विकास गरेका सम्पूर्ण अभिलेख तथा कागजात सुरक्षित राख्नु पर्नेछ।

**२२.व्याख्या गर्ने अधिकारः**- यस निर्देशिकाको प्रयोगमा कुनै द्विविधा उत्पन्न भएमा सो को व्याख्या गर्ने अधिकार समितिलाई हुनेछ।

**२३.खारेजी र बचाउ:-** (१) जीवन बीमा सम्बन्धित पुनर्बीमा निर्देशिका, २०६५ तथा निर्जीवन बीमा सम्बन्धित पुनर्बीमा निर्देशिका,२०६५ खारेज गरिएको छ।

(२) जीवन तथा निर्जीवन बीमा सम्बन्धी पुनर्बीमा निर्देशिका, २०६५ बमोजिम भए गरेका सम्पूर्ण कार्यहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिने छ।

## अनुसूची-१ (क)

(दफा १३ को उपदफा (२) सङ्ग सम्बन्धित)

| क्र.सं. | पनुर्बीमको नाम | स्थापना भएको बर्ष | मुख्य कार्यालयको ठेगाना | इजाजतपत्र दिने नियमनकारी निकायको नाम | रेटिङ | रेटिङ एजेन्सी | बीमकसङ्ग कारोवार भएको पोटफोलियो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची-१ (ख)

(दफा १३ को उपदफा (२) सङ्ग सम्बन्धित)

| क्र.सं. | पनुर्बीमा दलालको नाम | स्थापना भएको बर्ष | मुख्य कार्यालयको ठेगाना | इजाजतपत्र दिने नियमनकारी निकायको नाम | पेशागद दायित्व बीमाको बीमाङ्क रकम | पुनर्बीमा दलाल संलग्न भएको पोर्टफलोलियो | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |